# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०८०/०८१
चलानी नं.: १४६३

मितिः २०८०/१०/२४


विषयः निर्णय प्रतिलिपि पठाइएको ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

नगरपालिका व्यवस्था शाखा, सिंहदरबार, काठमाण्डौ ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक ।

श्रीमान् प्रमुखज्यू/ श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका ।

श्री वडाध्यक्षज्यूहरु (सबै), बनेपा नगरपालिका ।

श्री कार्यपालिका सदस्यज्यूहरु (सबै) बनेपा नगरपालिका ।

श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका ।

बनेपा नगरपालिका ।

श्री ... ... .... ... ...शाखा

बनेपा नगर कार्यपालिकाको कार्यालय ।

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८० साल माघ २१ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णय प्रतिलिपि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

कार्यार्थ

श्री सूचना प्रविधि अधिकृत

बनेपा नगरपालिका । – *वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा मेल समेत गर्ने ।*

भोला प्रसाद चापागाँई

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या : ३७

आज मिति २०८० साल माघ २१ गते आइतबार दिनको २:०० बजे देहायका विषयहरुमा छलफल गर्न नगर प्रमुख श्री शान्तिरत्न शाक्यको अध्यक्षतामा निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरु गरेको छ ।

## -:: उपस्थिति ::-

| क्र.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | का.वा. सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रबहादुर खड्का | उपस्थित |
| १३ | का.वा. सदस्य (वडा नं. ११) | श्री प्रतापकुमार तामाङ | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | अनुपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) | श्री भोला प्रसाद चापागाईं | उपस्थित |
| २६ | प्रशासकीय अधिकृत | श्री धुवराज नेपाल | उपस्थित |

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

<u>छलफलका विषयहरुः</u>

१. आगामी आ.व. २०८१।०८२ का लागि संघ तथा प्रदेश पेश गर्न विशेष तथा समपुरक योजना छनौट सम्बन्धमा,

२. कौशीखेती प्रबर्धन तथा सामाग्री वितरण कार्यक्रम संसोधन सम्बन्धमा,

३. बनेपा नगरपालिका विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि, २०७५ मा संसोधन गर्ने सम्बन्धमा,

४. नगर क्षेत्रभित्रका सिसिटिभी क्यामेरा मर्मतका लागि काभ्रे उद्योग वाणिज्य संघबाट सहयोग माग सम्बन्धमा,

५. आदर्श बाल विकास केन्द्र, बनेपाको भवन निर्माण सम्बन्धी कामको बैंक खाता फुकुवा सम्बन्धमा,

६. नगर क्षेत्रभित्रका विद्यालय समायोजनको सम्भाव्यता अध्ययन सम्बन्धमा,

७. बाल अधिकार संरक्षण तथा सम्बर्धन सम्बन्धी कार्यविधि, बालमैत्री अनुगमन सूचक तथा बिउ पूँजी परिचालन कार्यविधि तर्जुमा तर्जुमा सम्बन्धमा,

८. काभ्रे कृषि मेला सम्बन्धमा,

९. विविध ।

**-::निर्णय::-**

| नि.नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| १. | आगामी आ.व. २०८१।०८२ का लागि संघ तथा प्रदेश सरकारमा पेश गर्न विशेष तथा समपुरक योजना छनौट सम्बन्धी | बनेपा नगरपालिकाका लागि आगामी आ.व. २०८१।०८२ का लागि तपसिल बमोजिमका योजना सिफारिस गर्ने निर्णय गरियो । |

सङ्घीय समपुरक अनुदान तर्फ

| क्र.सं. | योजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १. | नाला नगरकोट सडक | ४,२ र १ | |
| २. | पुलबजार-मुल्ली फाँट-टिमुरेचौर कृषि सडक | ४,२ र १ | |
| ३. | चण्डेश्वरी खोला करिडोर निर्माण | ५,६ र ७ | |
| ४. | शहिद मार्ग ढल नाली सहित पक्की सडक निर्माण | ६ | |
| ५. | साँगा आशापुरी सडक स्तरोन्नती | १४ | |

प्रदेश सममुरक अनुदान तर्फ

| क्र.सं. | योजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १. | रामेश्वर मार्ग स्तरोन्नती | ४ | |
| २. | ज्वालादेवी मार्ग स्तरोन्नती | १० | |
| ३. | भैंसेपाटी पुरानो बाटो स्तरोन्नती | १३ | |
| ४. | मगर गाउँ देखि देउराली सडक स्तरोन्नती | ९ | |
| ५. | घट्ट दोयबास सडक स्तरोन्नती | ३ | |

सङ्घीय विशेष अनुदान तर्फ

| क्र.सं. | योजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १. | कोल्ड स्टोर निर्माण | ८ | |
| २. | लायकु दरबार संरक्षण | ८ | |
| ३. | महेन्द्र मा.वि. मा विज्ञान प्रयोगशाला सहित पुस्तकालयका लागि भवन निर्माण | १३ | |

प्रदेश विशेष अनुदान तर्फ

| क्र.सं. | योजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|

<table>
<tr><th>नि.नं.</th><th>छलफलका विषय</th><th>निर्णय</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td>१.</td><td>हिले जलजले खानेपानी तथा पर्यापर्यटन ताल निर्माण</td><td>३</td><td></td></tr>
<tr><td>२.</td><td>आलु पकेट विकास कार्यक्रम सञ्चालन</td><td>१,२,३ र ४</td><td></td></tr>
<tr><td>३.</td><td>एकीकृत खानेपानी विस्तार</td><td>६</td><td></td></tr>
</table>
</td></tr>
<tr><td>२.</td><td>कौशीखेती प्रबर्धन तथा सामाग्री वितरण कार्यक्रम संसोधन सम्बन्धमा,</td><td>चालु आ.व. २०८०।०८१ का लागि प्रदेश सरकारबाट सशर्त अनुदान शीर्षक (सि.नं. २.७.१५.१२३) पशुपन्छी विकास मन्त्रालयको सि.नं. ३१२ मा विनियोजित कौशी खेतीका लागि कोकोपिट सहयोग कार्यक्रमको रु. १०,००,०००। बाट तपसिल बमोजिमका कार्यक्रम सञ्चालन गर्ने गरी स्वीकृति प्राप्तिका लागि बागमती प्रदेश, पशुपन्छी विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।
<table>
<tr><th>क्र.सं.</th><th>कार्यक्रमको नाम</th><th>इकाई</th><th>परिमाण</th><th>अनुमानित लागत</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>ग्रो ब्याग</td><td>वटा</td><td>६०००</td><td>२,४०,०००।</td><td>१९ X ३० सिएम</td></tr>
<tr><td>२.</td><td>हजारी</td><td>वटा</td><td>१०००</td><td>३,४०,०००।</td><td>५ लिटर</td></tr>
<tr><td>३.</td><td>कम्पोष्ट मल</td><td>केजी</td><td>३०००</td><td>१,२०,०००।</td><td></td></tr>
<tr><td>४.</td><td>कोकोपिट</td><td>केजी</td><td>३०००</td><td>३,००,०००।</td><td></td></tr>
</table>
</td></tr>
<tr><td>३.</td><td>बनेपा नगरपालिका विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि, २०७५ मा संसोधन गर्ने सम्बन्धमा,</td><td>बनेपा नगरपालिकाको विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि, २०७५ को परिच्छेद २ को दफा ५ को ६ (प) मा देहाय बमोजिम थप गर्ने निर्णय गरियो ।<br>"बनेपा नगरपालिका क्षेत्रभित्र संस्थागत विद्यालयले शैक्षिक गुठी दर्ता गर्न चाहेमा नगरपालिकाले त्यस्तो गुठी सम्बन्धी विधान स्वीकृत गरी दर्ता गर्ने, संसोधन गर्ने र खारेज गर्न सक्नेछ ।"</td></tr>
<tr><td>४.</td><td>नगर क्षेत्रभित्रका सिसिटिभी क्यामेरा मर्मतका लागि काभ्रे उद्योग वाणिज्य संघबाट सहयोग माग सम्बन्धमा</td><td>बनेपा नगरपालिका क्षेत्रभित्र उक्त संघको अग्रसरतामा जडान गरिएका सिसि क्यामेराहरु बिग्रिएकाले मर्मत गर्ने क्रममा भएको जम्मा खर्च रु. २,००,०००। भुक्तानी गर्ने श्रोत संघसँग नरहेकाले अनुदान सहयोग उपलब्ध गराई दिन भनि लेखिआएका सम्बन्धमा छलफल हुँदा सो प्रयोजनका लागि उक्त संघलाई रु. २,००,०००। सहयोग गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>५.</td><td>आदर्श बाल विकास केन्द्र, बनेपाको भवन निर्माण सम्बन्धी कामको बैंक खाता फुकुवा सम्बन्धमा,</td><td>बनेपा नगरपालिका वडा नं. ९ मा रहेको आदर्श बाल विकास केन्द्र लाई प्रदेश स्तरीय विशेष शिक्षा आवासीय विद्यालयको रुपमा विकास गर्ने उद्देश्यले क्रमागत रुपमा संघीय सशर्त अनुदान अन्तर्गत निर्माणाधिन भवनको तेस्रो फेजका लागि बजेट विनियोजन भएको र विनियोजित रकमबाट ठेक्का बन्दोबस्त मार्फत निर्माणको कार्य सञ्चालन भई रहेको भनि उल्लेख भई आएको देखिदा उक्त केन्द्रका लागि विनियोजित बजेट खर्च गर्न सो प्रयोजनका लागि खोलिएको बैंक खाता फुकुवा गर्न कोष तथा लेखा नियन्त्रण कार्यालय, काभ्रेपलाञ्चोक र सम्बन्धित बैंकमा सिफारिस गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>६.</td><td>नगर क्षेत्रभित्रका विद्यालय समायोजनको सम्भाव्यता अध्ययन सम्बन्धमा,</td><td>बनेपा नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका विद्यालयहरु मध्ये एक अर्कामा गाभेर सञ्चालन गर्न सकिने विद्यालयहरु एकिन गरी कार्यान्वयनमा जाने विषयमा नगर शिक्षा समितिमा छलफल गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>७.</td><td>बाल अधिकार संरक्षण तथा सम्बर्धन सम्बन्धी कार्यविधि, बालमैत्री अनुगमन सूचक तथा बिउ पूँजी परिचालन कार्यविधि तर्जुमा तर्जुमा सम्बन्धमा,</td><td>बनेपा नगरपालिकाका लागि तपसिल बमोजिमका कार्यविधि तथा सूचकहरु तर्जुमा गरी कार्यान्वयन गर्न बाञ्छनीय भएकाले यस नगरपालिकाको विधायन समितिको सिफारिस सहित आगामी कार्यपालिका बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो ।<br>(क) बाल अधिकार संरक्षण तथा सम्बर्धन सम्बन्धी कार्यविधि,<br>(ख) बिउ पूँजी परिचालन कार्यविधि, र<br>(ग) बालमैत्री अनुगमन सूचक ।</td></tr>
<tr><td>८.</td><td>नगरपालिकाको</td><td>स्थानीय तहहरुको पूनरसंरचना पछि विस्तारित बनेपा नगरपालिकाको क्षेत्र र सोही</td></tr>
</table>

<table>
<tr><th>नि.नं.</th><th>छलफलका विषय</th><th>निर्णय</th></tr>
<tr><td></td><td>वर्तमान कार्यालय भवनका स्थानमा नयाँ भवन बनाउने सम्बन्धी विशेष प्रस्तावका सम्बन्धमा,</td><td>अनुसार बढेको सङ्गठनात्मक ढाँचा अनुरुपका शाखा तथा जनशक्ति व्यवस्थापन गर्न यस नगरपालिकाको मौजुदा कार्यालय भवन अप्रयाप्त हुनुका साथै पुरानो समेत भएकाले सोही स्थानमा बहुउपयोगी भवन निर्माण गर्न नगर विकास कोषसँग अनुरोध हुँदा उक्त कोषका तर्फबाट तयार भएको भवनको प्रारम्भिक नक्सा डिजाइन उपर छलफल हुँदा प्रस्तुत भए बमोजिमको भवन उल्लेखित कोषको ऋण सहयोगमा निर्माणको प्रक्रिया अगाडी बढाउने र नयाँ भवन तयार नभएसम्मका लागि उपयुक्त स्थानमा नगर कार्यपालिकाको कार्यालय स्थानान्तरणको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।</td></tr>
<tr><td>९</td><td>विविध प्रस्तावहरु</td><td></td></tr>
<tr><td>(क)</td><td>योजनाको नाम संसोधन सम्बन्धमा</td><td>बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८०।९।२८ को बैठकको निर्णय नं. ३ को सि.नं. ८ मा रहेको योजनाको नाम बाहुन डाँडा हुनुपर्नेमा राहुल डाँडा हुन गएकाले बाहुन डाँडा हुने गरी संसोधन गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>(ख)</td><td>योजनाको नाम संसोधन सम्बन्धमा</td><td>बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८०।९।२८ को बैठकको निर्णय अनुसार बनेपा नगरपालिका वडा नं. ६ का लागि स्वीकृत तपसिल बमोजिमका योजना संसोधनका लागि उक्त वडाबाट लेखिआए बमोजिम संसोधन गर्ने निर्णय गरियो ।
<table>
<tr><th colspan="2">साविक योजनाको विवरण</th><th colspan="2">संसोधित योजनाको विवरण</th></tr>
<tr><th>योजनाको नाम</th><th>रकम रु.</th><th>योजनाको नाम</th><th>रकम रु.</th></tr>
<tr><td>रातमाटे खानेपानी मर्मत</td><td>५,००,०००।</td><td rowspan="3">एकीकृत खानेपानी एक घर धारा समानुपातिक वितरण योजना</td><td rowspan="3">१५,००,०००।</td></tr>
<tr><td>भक्तेश्वर खानेपानी मर्मत</td><td>५,००,०००।</td></tr>
<tr><td>नमूना खानेपानी खत्रीगाउँ</td><td>५,००,०००।</td></tr>
</table></td></tr>
<tr><td>(ग)</td><td>जिल्ला समन्वय समिति लागत साझेदारी</td><td>बनेपा नगरपालिका वडा नं. २ स्थित स्वेत बराह मा.वि. र रत्न चुडेश्वर मा.वि.का लागि स्टेशनरी सामान खरिद गर्न प्रत्येक विद्यालयका लागि वडाबाट विनियोजित रु. ३,००,०००। मा जिल्ला समन्वय समिति, काभ्रेको लागत सहभागिता प्रत्येक विद्यालयका लागि रु. ४,००,०००। का दरले व्यवस्था गरिदिन जिल्ला समन्वय समिति, काभ्रेपलाञ्चोकमा सिफारिस गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>(घ)</td><td>जिल्ला समन्वय समिति लागत साझेदारी</td><td>जिल्ला समन्वय समिति, काभ्रेपलाञ्चोकको लागत सहभागिता ६० प्रतिशत र यस नगरपालिकाको ४० प्रतिशत रहने गरी तपसिल बमोजिमको योजना समावेश गरिदिन जिल्ला समन्वय समिति, काभ्रपलाञ्चोकमा अनुरोध गर्ने निर्णय गरियो ।<br>(१) पाकुडोल पुरानो स्कूलमा जेष्ठ नागरिक ज्ञान हस्तान्तरण केन्द्र र पुस्तकालय भवन निर्माण योजना ।</td></tr>
<tr><td>(ङ)</td><td>आर्थिक सहयोग सम्बन्धमा</td><td>तपसिल बमोजिमका व्यक्ति/संस्थाले निम्न प्रयोजनका लागि आर्थिक सहयोग माग गरि दिएका निवेदन उपर छलफल गर्दा देहाय बमोजिम सहयोग गर्ने निर्णय गरियो ।
<table>
<tr><th>क्र.सं.</th><th>व्यक्ति/संस्थाको नाम</th><th>प्रयोजन</th><th>सहयोग रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>हलि नेवा गुठी, बनेपा</td><td>नेवा एकता दिवस आयोजना</td><td>४०,०००।</td><td></td></tr>
<tr><td>२.</td><td>श्री दुर्गा मिजार, बनेपा १०</td><td>गोठमा आगलागी</td><td>१०,०००।</td><td></td></tr>
<tr><td>३.</td><td>श्री मन मिजार, बनेपा १०</td><td>भान्साकोठामा आगलागी</td><td>१०,०००।</td><td></td></tr>
<tr><td>४.</td><td>श्री शोभा वि.क., बनेपा २</td><td>मृगौला रोगको उपचार</td><td>२०,०००।</td><td></td></tr>
<tr><td>५.</td><td>नृत्य निर्देशक संघ, नेपाल, बनेपा शाखा</td><td>तेस्रो राष्ट्रिय नृत्य दिवस–२०८० आयोजना</td><td>१,००,०००।</td><td></td></tr>
<tr><td>६.</td><td>नव मिलन युवा क्लव, बनेपा १०</td><td>5A साइड फुटसल प्रतियोगिता आयोजना</td><td>२५,०००।</td><td></td></tr>
</table></td></tr>
</table>